
मेहनत यसरी गर्नुस् कि भाग्य पनि तपाईंलाई साथ दिन बाध्य होस् ।
• एपीजे अब्दुल कलाम

लोकप्रिय राष्ट्रिय दैनिक
www.rajdhanidaily.com

# राजधानी

वर्ष २४, अंक २४५ सोमबार ५ फागुन २०८१, नेपाल संवत् ११४५ | RAJDHANI Nepali National Daily | Monday 17 February 2025 | पृष्ठ : ८ | मूल्य रु. १०/-



• ग्राहक बन्नुपरेमा
• नवीकरण गर्नुपरेमा
• ठेगाना परिवर्तन भएमा
• पत्रिका नियमित नआएमा

०१-४८११०८० बिहान १० बजेदेखि साँझ ५ बजेसम्म, Ext. 108, 112
राजधानी न्युज पब्लिकेशन प्रा.लि.
rajdhani_circulation@yahoo.com


## हेडलाइन


१३ लाख किशोरीले प्राप्त गरे एचपीभी खोप

पृष्ठ २

अब महँगो र दुर्लभ औषधि नि:शुल्क

पृष्ठ ३

भ्रष्टाचार नियन्त्रण नियतमै खोट

पृष्ठ ४

मौरिससका पूर्वप्रधानमन्त्री पक्राउ

पृष्ठ ५

पेट्रोलको मूल्य बढ्यो, डिजेलमा घट्यो

पृष्ठ ६

अन्तर्राष्ट्रिय महिला फुटबल आजबाट

पृष्ठ ८





## प्रधानमन्त्री ओलीविरुद्ध अदालतको अवहेलना मुद्दा

# कारण देखाऊ आदेश

**निराजन पौडेल/राजधानी**
काठमाडौं, ४ फागुन

भूमिसम्बन्धी अध्यादेश ल्याएर संवैधानिक इजलासले गरेको फैसला कार्यान्वयनमा अवरोध सिर्जना गरेको भन्दै परेको अदालतको अवहेलना मुद्दामा सर्वोच्चले प्रधानमन्त्री केपी शर्मा ओली र भूमि व्यवस्था तथा सहकारीमन्त्री बलराम अधिकारीको नाममा कारण देखाऊ आदेश जारी गरेको छ ।

अधिवक्ता ओमप्रकाश अर्यालले प्रधानमन्त्री केपी शर्मा ओली र भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीलाई विपक्षी बनाएर दायर निवेदनमा सर्वोच्चका न्यायाधीश सारंगा सुवेदी र न्यायाधीश नित्यानन्द पाण्डेयको संयुक्त इजलासले कारण देखाऊ आदेश जारी गरेको हो ।

सर्वोच्चको सो आदेशसँगै अब विपक्षी बनाइएका प्रधानमन्त्री र मन्त्रीले लिखित रूपमा स्वयं उपस्थित भएर वा महान्यायाधिवक्ता कार्यालयमार्फत जवाफ पेस गर्नुपर्नेछ ।

गिरीबन्धु टी-इस्टेटलाई फाइदा पुग्नेगरी भूमिसम्बन्धी अध्यादेश ल्याएर सर्वोच्च अदालतको परमादेश कार्यान्वयनमा अवरोध सिर्जना गरेको भन्दै प्रधानमन्त्री ओलीसहितलाई विपक्षी बनाएर अवहेलना मुद्दा दायर भएको थियो ।

अवहेलना मुद्दामा सुनुवाइका क्रममा रिट निवेदक ओमप्रकाश अर्यालले संवैधानिक इजलासमा पठाउन माग गरेका थिए । अधिवक्ता अर्यालले इजलासमा भनेका थिए, 'मेरो निवेदन संवैधानिक इजलासबाट जारी भएको परमादेश कार्यान्वयनमा अवरोध गरिएको विषयमा छ, संवैधानिक इजलासको अवहेलना गरिएकाले यस निवेदनको सुनुवाइ पनि सोही इजलासमा हुनु उचित हुन्छ ।'

अदालतको फैसला कार्यान्वयनको साटो भूमिसम्बन्धी अध्यादेश जारी गरेर फैसला कार्यान्वयनमा बदनियतपूर्वक प्रत्यक्ष अवरोध गरेको, संवैधानिक इजलासको फैसला अवज्ञा गरेको तथा राज्यको सर्वोच्च कार्यकारी अधिकारको कपटपूर्ण प्रयोग गरी संवैधानिक प्रणालीप्रति विश्वासघात गरेको आधारमा अदालतको अवहेलनामा संलग्न कसुरदार पदमुक्त हुन सक्नेगरी वा यससम्बन्धी दण्डहीनताको रोकथाम तथा अन्त्य हुन सक्नेगरी न्यायिक आदेश वा टिप्पणी गर्नसमेत निवेदनमा माग गरिएको थियो ।

सर्वोच्चले हदबन्दी छुट प्रदान गर्दाको अवस्थामा उल्लेख गरिएको सर्तबमोजिमको प्रयोजनमा जग्गाको प्रयोग वा उपयोग नगरी फरक प्रयोजनमा भए वा जग्गा खाली (बाँझो) राखिएको अवस्थाका जग्गाको पहिचान गरी तत्काल र अनिवार्य रूपमा सो हदबन्दीभन्दा बढी देखिएको जग्गा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारका नाममा प्राप्त गर्न गराउन परमादेश जारी गरेको थियो ।

साथै, हदबन्दीभन्दा बढी देखिएको र चिया उद्योगको काममा उपयोगमा नरहेको गिरीबन्धु टी-इस्टेट प्रालिका नाममा रहेको झापाको जग्गा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारका नाममा प्राप्त गर्न गराउन पनि सर्वोच्चको परमादेशमा उल्लेख गरेको थियो ।

गिरीबन्धु टी-इस्टेटलाई प्रधानमन्त्री केपी शर्मा ओलीको मन्त्रिपरिषद्ले १३ वैशाख २०७८ मा ३ सय ४३ बिघा जग्गा साबिक प्रदेश १ भित्रै सट्टापट्टा गर्न दिने निर्णय गरेको थियो ।

तत्कालीन अवस्थामा गिरीबन्धु टी-इस्टेटलाई जग्गा सट्टा भर्ना गर्न दिने सो निर्णय खारेजीको माग गर्दै अधिवक्ता ओमप्रकाश अर्याल, ओमप्रकाश मिश्र र भक्तराज भारतीसमेतले सर्वोच्चमा मुद्दा दायर गरेका थिए ।

बाँकी पृष्ठ ३ मा ▸▸

### अदालतको अवहेलनामा के छ सजायको व्यवस्था ?

न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (१) ले सर्वोच्च अदालतले आफ्नो आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलनामा कारबाही चलाउन सक्ने र उपदफा (४) ले अवहेलना गरेको ठहरेमा १ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिमाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश गर्नसक्ने व्यवस्था गरेको छ ।

अदालतको अवहेलनाको कारबाही चलाउँदा, सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५९ को उपनियम (२)ले अदालतको अवहेलनासम्बन्धी उजुरीका सम्बन्धमा सुनुवाइ गर्ने इजलासले विपक्षीको बयान गराउन वा अवधि तोकी विपक्षी स्वयं उपस्थित भई वा कानुनबमोजिम वारिसमार्फत लिखित स्पष्टीकरण वा प्रतिउत्तर पेस गर्न लगाउनसक्ने व्यवस्था गरेको छ । उपनियम (४)ले अदालतको अवहेलना मुद्दाको अन्तिम टुंगो नलागेसम्मका लागि कुनै कार्य गर्न वा नगर्न आदेश दिनसक्ने व्यवस्था गरेको छ ।

## विद्युत् प्राधिकरणलाई लगातार तेस्रोपटक 'डबल ए प्लस' रेटिङ

**पूर्णभक्त दुवाल/राजधानी**
काठमाडौं, ४ फागुन

नेपाल विद्युत् प्राधिकरणले सर्वसाधारणका लागि बढीमा २० प्रतिशत सेयर जारी गर्ने भएको छ । चुक्ता पुँजी करिब ३ खर्ब रुपैयाँ पुऱ्याउन प्रिमियमसहित प्रतिकित्ता मूल्य करिब ३ सय रुपैयाँ कायम गरी सेयर निष्कासनका लागि प्राधिकरणले प्रस्ताव गरेको हो ।

नेपाल विद्युत् प्राधिकरणले यस वर्ष पनि 'डबल ए प्लस' रेटिङ पाएपछि प्राधिकरणलाई प्रिमियममा सेयर जारी गर्न थप सहजता प्रदान गरेको छ । इक्रा नेपालले प्राधिकरणको रेटिङ गरी 'इक्रा एनपी डबल ए प्लस' स्तरको रेटिङ प्रदान गरेको हो । यससँगै प्राधिकरणले लगातार तेस्रोपटक डबल ए प्लस रेटिङ पाएको छ । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले सर्वसाधारणलाई सेयर निष्कासनका लागि




महत्त्वपूर्ण मापदण्डका रूपमा रहेको संस्थाको रेटिङ सम्पन्न भइसकेको बताए । उनले संस्थाको वास्तविक सम्पत्ति मूल्यांकन गरिसकेकाले अब सरकारबाट स्वीकृति पाउनासाथ सेयर निष्कासनको प्रक्रिया अगाडि बढाउन सकिने स्पष्ट पारे । सेयर निष्कासनबाट संकलन गरिएको रकमलाई ठूला जलविद्युत् आयोजनाको निर्माणमा लगानी गर्ने योजना बनाएको पनि उनले जानकारी दिए । चुक्ता पुँजीको बढीमा २० प्रतिशतले हुन आउने रकममा प्रिमियम थप गरी प्राथमिक सेयर सर्वसाधारणलाई निष्कासन गर्ने प्रस्ताव गरिएको उनले बताए । प्राधिकरणको वार्षिक आम्दानी १ खर्ब १६ अर्ब र सम्पत्ति ७ खर्ब रुपैयाँभन्दा बढी रहेको छ । आर्थिक वर्ष (आव) २०७२/७३ मा प्राधिकरण ८ अर्ब ८९ करोड रुपैयाँ खुद नोक्सानीमा रहेकामा आव २०७३/७४ मा १ अर्ब ५० करोड रुपैयाँ खुद नाफा कमाउँदै नाफाको इतिहास रच्न सुरु गरेको थियो । प्राधिकरणले गत आव २०८०/८१ मा १४ अर्ब ४६ करोड रुपैयाँ नाफा कमाएको थियो ।

बाँकी पृष्ठ ३ मा ▸▸

▸▸ नवीकरणीय ऊर्जा विधेयक पारित

## दक्ष प्रविधि र उपकरण प्रयोग नगरे १० लाखसम्म जरिमाना

**राजधानी समाचारदाता**
काठमाडौं, ४ फागुन

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ राष्ट्रिय सभाबाट सर्वसम्मतिले पारित भएको छ । राष्ट्रिय सभाको आइतबार बसेको बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले विधेयक प्रस्तुत गरेका थिए ।

पारित भएको विधेयकमा नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता तथा संरक्षणसम्बन्धी प्रविधि तथा यन्त्र वा उपकरणको आयात वा उत्पादन गरी नेपालमा बिक्री वितरण गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो प्रविधि तथा यन्त्र वा उपकरणको केन्द्रबाट अनिवार्य रूपमा परीक्षण गराउनुपर्ने व्यवस्था गरेको छ ।

प्रविधि तथा उपकरणको परीक्षण नगराई बिक्री-वितरण गरेमा १० लाख रुपैयाँसम्म जरिमाना गरिने प्रावधान



विधेयकमा राखिएको छ । विद्युत् उत्पादन, प्रसारण र वितरणमा दक्ष प्रविधि, यन्त्र र उपकरणको प्रयोग नगरेमा ५ लाख रुपैयाँसम्म जरिमाना गरिने पनि विधेयकमा समेटिएको छ ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा खपत गर्ने यन्त्र उपकरणको स्तरलगायत तिनीहरूले खपत गर्ने ऊर्जाको दक्षता निर्धारण गर्न परीक्षण गरिरहनुपर्ने भएकाले नवीकरणीय ऊर्जा केन्द्रको आफ्नै वा केन्द्रको सहयोग, समन्वय वा सहजीकरणमा प्रयोगशाला स्थापना गर्ने व्यवस्था विधेयकमा गरिएको छ ।

बाँकी पृष्ठ ३ मा ▸▸


व्यक्तिगत विवरण सुरक्षित राखौं, साइबर अपराधबाट जोगिऔं

लोकप्रिय राष्ट्रिय दैनिक राजधानी

कम्प्युटर, मोबाइल र इन्टरनेट प्रयोग गर्दा:

बलियो पासवर्ड राखौ र पासवर्डलाई नियमित रुपमा परिवर्तन गर्नुहोस् ।

अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिंक नखोल्नुहोस् ।

आफ्ना व्यक्तिगत विवरणहरु (ओटीपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई सेयर नगर्नुस्, सुरक्षित राख्नुहोस् ।

अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिनुस् ।

ह्वाट्स एप, इमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाउनुस् । त्यस्ता कल पटक पटक आए ब्लक गर्नुहोस् ।

# १३ लाख किशोरीले प्राप्त गरे एचपीभी खोप

**राजधानी समाचारदाता**
काठमाडौं, ४ फागुन



पाठेघरको मुखको क्यान्सरबाट बचाउने उद्देश्यले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सञ्चालन गरेको एचपीभी खोप अभियानबाट १३ लाख किशोरीले खोप प्राप्त गरेका छन् ।

अभियानको १२औं दिन शनिबारसम्म उल्लिखित परिमाणमा किशोरीहरूले खोप प्राप्त गरेको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखा प्रमुख डा. विवेककुमार लालले जानकारी दिए ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले यस हालसम्म अभियानलाई सफल पार्न खट्ने सबै स्वास्थ्यकर्मीहरू, स्वयंसेवक, सहयोगी विद्यालयलगायत सबै सहयात्रीलाई अनवरत मेहनतका लागि भन्दै धन्यवाद ज्ञापन गरेका छन् ।

२२ माघमा सुरु भएको अभियान ६ फागुनसम्म चल्नेछ । अभियानका क्रममा कक्षा ६ देखि १० सम्म अध्ययनरत छात्रा र १० देखि १४ वर्षका किशोरीलाई स्थानीय तहमा रहेका केन्द्रमार्फत खोप प्रदान गरिएको छ। अबको अवधिमा छुटेकाको पहिचान गरी खोप प्रदान गरिने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

अभियानका क्रममा करिब १७ लाख किशोरीलाई खोप दिने लक्ष्य राखिएको छ । मन्त्री पौडेलले पदभार सम्हालेपछि पहिलो निर्णय राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति स्वीकृत गरेका थिए ।

त्यसयता क्यान्सरको उपचार सातै प्रदेशमा पुर्‍याउने निर्णय कार्यान्वयनमा आइसकेको छ । क्यान्सरविरुद्ध निरोधात्मक विधि प्रवर्धन गर्ने मन्त्री पौडेलले घोषणा गरेको योजना तथा प्राथमिकतामा उल्लेख छ । सोहीअनुसार किशोरीहरूलाई खोप दिने कार्यक्रम अघि बढाइएको प्रवक्ता बुढाथोकीले बताए ।

नेपालमा पाठेघरको मुखको क्यान्सरका कारण ज्यान जाने महिलाहरूको संख्या उच्च छ। सानै उमेरमा खोप प्रदान गरेर यो समस्या कम गर्ने योजनाअनुसार निरोधात्मक विधिअन्तर्गतका कार्यक्रमसमेत अघि बढिरहेको मन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

# कार्यसम्पादन मूल्यांकनमा धुर्कोट लुम्बिनी प्रदेशकै पहिलो

**हुमाकान्त पोखरेल/राजधानी**
गुल्मी, ४ फागुन

कार्यसम्पादन मूल्यांकनमा लुम्बिनी प्रदेशमा धुर्कोट गाउँपालिका पहिलो भएको छ। प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को तथ्यांकअनुसार लुम्बिनी प्रदेशका गाउँपालिकामध्येमा धुर्कोट गाउँपालिका प्रथम भएको हो ।

आयोगका अनुसार धुर्कोटले ७६ दशमलव ७ अंक प्राप्त गरेको छ । प्रदेशमै गाउँपालिकातर्फ गुल्मीकै रुरुक्षेत्र गाउँपालिका दोस्रो र छत्रकोट गाउँपालिका तेस्रो भएका छन्।

रुरुक्षेत्रले ७६ दशमलव २ र छत्रकोटले ७४ दशमलव ८ अंक प्राप्त गरेका छन् । देशभरका ७५३ पालिकामध्ये धुर्कोट १०औं स्थानमा रहेको छ भने लुम्बिनी प्रदेशका १ सय ९ पालिकामध्ये तेस्रो स्थानमा छ।

प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश तथा पालिकाको कार्यसम्पादन मूल्यांकन कार्यविधि-२०७८ अनुसार अंक प्रदान गर्छ। असार १० भित्र बजेट पेस गरे/नगरेको, असार मसान्तभित्र बजेट पास गरे/नगरेको, वार्षिक बजेट समीक्षा गरी कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको, विनियोजित रकमअनुसार खर्चको अवस्था, बेरुजु, आवधिक योजनाको तर्जुमा, कक्षा १ देखि ८ सम्म विद्यार्थी भर्ना दरलाई वित्त आयोगले सूचकको रूपमा मापन गरेको छ ।

त्यसैगरी, कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर, सामुदायिक विद्यालयबाट कक्षा १० मा १ दशमलव ६ वा सोभन्दा बढी जीपीए प्राप्त गरेका विद्यार्थी प्रतिशत, चारपटक गर्भ जाँच गरेको महिलाको अनुपातलगायतका १७ सूचकको आधारमा वित्त आयोगले अंक प्रदान गर्ने गर्छ ।

आयोगको तथ्यांकअनुसार गुल्मीको रेसुंगा नगरपालिका ७४ दशमलव ४, गुल्मी दरबार गाउँपालिकाले ६४ दशमलव २, मदाने गाउँपालिकाले ६८ दशमलव ९ अंक प्राप्त गरेका छन् । त्यसैगरी, मालिकाले ७३ दशमलव ६, इस्माले ५६ दशमलव ६, मुसिकोटले ६१ दशमलव ४, चन्द्रकोटले ६२ दशमलव २, सत्यवतीले ६३ दशमलव ६ तथा कालिगण्डकीले ६० दशमलव २ अंक प्राप्त गरेका छन् ।

धुर्कोट गाउँपालिकाका अध्यक्ष भूपाल पोखरेलले कर्मचारी, जनप्रतिनिधि र सिंगो समुदायको सहयोगको कारण यो सफलता हासिल गरेको बताए। यसभन्दा अगाडि पनि धुर्कोट गाउँपालिका उत्कृष्ट भएको भन्दै अध्यक्ष पोखरेलले अहिलेको सफलता जोगाइराख्नु चुनौती भएको बताए ।

स्थानीय तहमा हुने सीमित स्रोत र साधनका बावजुद पनि राम्रो काम गर्न सकेकोमा उनले खुसी व्यक्त गरे ।

# बालकलाई आँगनबाटै टिपेर लग्यो चितुवाले

**बर्दिया/रास–** आँगनमा खेलिरहेका बालकलाई सम्साझै चितुवाले टिपेर लगेको छ । मधुवन नगरपालिका-९ भाटचोकमा शनिबार साँझ करिब ८ बजे घरको आँगनमा खेलिरहेका २ वर्षीय बालक रिहान चलाउनेलाई चितुवाले सम्साझै आक्रमण गरेको हो। चितुवाको आक्रमणबाट बालकको मृत्यु भएको छ।

बालक रिहानकी आमा छोरालाई लिएर आफ्नो बहिनीको घर मधुवनमा आएकी थिइन्। उनी बाँके राप्तीसोनारी गाउँपालिकाका हुन् । शनिबार साँझ करिब ८ बजेको समयमा आँगनमा खेलिरहेको बालक एक्कासि हराएपछि घरपरिवारले खोजीका लागि हारगुहार गरेका थिए । स्थानीय, प्रहरी र सशस्त्र प्रहरीले तत्काल खोजी गर्दा घरदेखि पाँच सय मिटर दक्षिण पूर्वतर्फ खेतमा बालक मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक ॠषिराम घर्तीमगरले जानकारी दिए । चितुवाले आक्रमण गर्दा बालकको घाँटी र टाउकोको पछाडिको भागमा घाउ भएको प्रहरीले जनाएको छ ।


## साउदी अरेबियामा रोजगारीको अबसर

कम्पनी: KUMYANG ELECTRIC COMPANY SAUDI ARABIA LLC

Pre Approval Date: 2024/07/09 Chalani No.60222044 LOT No. 307402 City: Saudi Arabia, Riyadh पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION WORKER | 8 | 0 | 1000 | ३६,८७९/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/११/१२ गते (24 Feb. 2025) म्यानपावरको कार्यालय काठमाडौंमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | नि:शुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Govt Lic No. 1198/073/074
Asiapower Recruitment Consultants Pvt. Ltd.
Budhanilkantha-09, Kathmandu, Nepal.
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowerjobnepal@gmail.com



## कतारमा रोजगारी

कम्पनी: WOODLAND CONTRACTING & GENERAL SERVICES

Pre Approval Date: 2023/07/25 Chalani No. 60206823 LOT No. 289922 City: Qatar, Doha पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 1 | 1000 | ३७,९८४/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | CARPENTER | 1 | 0 | 1100 | ४१,७८३/- | | | | | | | | |
| 3 | ACCOUNTANT/AUDITOR | 0 | 1 | 3600 | १,३६,७४५/- | | | | | | | | |

Pre Approval Date: 2024/03/12 Chalani No. 60224554 LOT No. 301246 City: Qatar, Doha पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 1 | 3 | 1000 | ३७,९८४/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | LABOUR | 2 | 0 | 1000 | ३७,९८४/- | | | | | | | | |
| 3 | BUILDING WORKER | 1 | 0 | 1000 | ३७,९८४/- | | | | | | | | |

Pre Approval Date: 2024/06/05 Chalani No. 60220642 LOT No. 305948 City: Qatar, Doha पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 1 | 0 | 1000 | ३७,९८४/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | BUILDING WORKER | 1 | 0 | 1000 | ३७,९८४/- | | | | | | | | |

अन्तरवार्ता मिति २०८१/११/१२ गते (24 Feb. 2025) NPPS Office, Dhapasi Height मा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | नि:शुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

New Pathibhara Placement Services (P) Ltd.
G.P.O. Box : 25025, Dhapasi, Kathmandu, Nepal, Ph: 977-1-4987390/ 4987391, Contacts : 9851138250, 9845314821, 9824900187
Fax 977-1-4388064, Email : info@npps.com.np



## JOBS IN KUWAIT

Company: LAMSET EL SHEWQ LADIES BEAUTY SALON

Pre Approval Date: 2025/02/16 Chalani No.60233082 LOT No. 318916 City: Kuwait, Farwaniya

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BEAUTICIAN (F) | 0 | 4 | सम्बन्धित काममा दक्ष | 150 | ६७,२९४/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

## JOBS IN KUWAIT

Company: EPICURE GENERAL TRADING COMPANY

Pre Approval Date: 2025/02/14 Chalani No.60233056 LOT No. 318825 City: Kuwait, Sharq

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RESTAURANT WORKER | 17 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४४,८६३/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

## JOBS IN KUWAIT

Company: ART BITES BY ARWA CATERING COMPANY

Pre Approval Date: 2025/02/14 Chalani No.60233057 LOT No. 318826 City: Shuwaikh Indu

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BAKERY WORKER MALE | 4 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५३,८३५/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

## JOBS IN KUWAIT

Company: LR BEATY SALON FOR LADIES

Pre Approval Date: 2025/02/16 Chalani No.60233081 LOT No. 318915 City: Kuwait, Farwaniya

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BEAUTICIAN (F) | 0 | 6 | सम्बन्धित काममा दक्ष | 150 | ६७,२९४/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

## JOBS IN QATAR

Company: ELTORO MEXICAL GRILL RESTAURANT

Pre Approval Date: 2025/02/11 Chalani No.60233058 LOT No. 318635 City: Qatar, Doha

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD WAITER/SERVER | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1400 | ५३,१७८/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता मिति २०८१/११/१२ गते (24 Feb, 2025) म्यानपावरको कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | नि:शुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Sky Blue International Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal, Phone: 9801970911/9801970910/9801970914/ 9801970921/9801970918, Email: skyblueintloverseas@gmail.com, www.skyblue.com.np
Govt. License 1462/074/075





पृष्ठ १ बाट क्रमशः



## प्रधानमन्त्री ओलीविरुद्ध...

सो निर्णयविरुद्ध परेको मुद्दामा तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, सुष्मालता माथेमा, सपना प्रधान मल्ल र प्रकाशमान सिंह राउतसहितको संवैधानिक इजलासले 'नेपाल सरकार (मन्त्रिपरिषद्)को १३ वैशाख २०७८ को प्रत्यार्थी गिरीबन्धु टी-इस्टेट प्रालिलाई ३४३-१९-१२ बिगाहा जग्गा सट्टापट्टा गर्न स्वीकृति दिने विवादित निर्णय भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ 'ग' लगायतका कानुनी प्रावधानअनुकूल नदेखिएको र अपरिपक्व प्रकृतिको देखिएको हुँदा उत्प्रेषणको आदेशले सो निर्णय र सोबमोजिम भए गरिएका काम कारबाहीसमेत बदर हुने ठहर्छ,' भन्दै उत्प्रेषणको आदेशले सो निर्णय र सोबमोजिम भए/गरेका कामकारबाहीसमेत बदर हुने फैसला सुनाएको थियो ।

'सम्मानित सर्वोच्च अदालत, संवैधानिक इजलासबाट परमादेश कार्यान्वयनमा विगत कम्तीमा सात महिनादेखि अनवरत रूपमा अवरोध गर्दै आउनुभएको छ,' निवेदनमा उनले लेखेका छन्, 'यसैबीच निज सम्माननीय प्रधानमन्त्रीज्यू तथा माननीय मन्त्रीज्यूको प्रत्यक्ष पहल तथा संलग्नतामा २०८१/१०/०२ मा सम्माननीय राष्ट्रपतिज्यूमार्फत कपटपूर्ण अध्यादेश जारीसमेत गराई फैसलाको प्रकरण नं. ३० मा उल्लिखित परमादेशको अवज्ञा गरी, गर्न लगाई सोको कार्यान्वयन नगर्ने, गर्न नदिने तथा प्रत्यक्ष अवरोध सिर्जना गर्नेगरी सर्वथा अनुचित, गैरकानुनी तथा गैरसंवैधानिक कार्य भएको छ, नेपाल सरकारका नाममा प्राप्त गर्नुपर्ने अवस्थाका हदबन्दी छुटका जग्गासमेत बिक्री गरी निजी रूपमा हक हस्तान्तरण गर्न पाउने व्यवस्था गर्दा फैसलाको अवज्ञा भएको छ, सो कार्य प्रथम दृष्टिबाटै अदालतको अवहेलनायुक्त कसुरजन्य रहेको स्पष्ट देखिन्छ।' यस कार्यले न्यायपालिकाको औचित्यमाथि समेत गम्भीर चुनौती दिएको प्रतीत हुन्छ ।

परमादेशसहितको फैसलाको पूर्ण पाठको जानकारी पाइसकेको अवस्थामा सोको कार्यान्वयन गरी गराई सम्मानित सर्वोच्च अदालतलाई जानकारी गराउनुपर्नेमा त्यसको विपरीत बदनियतपूर्वक फैसलाको अवज्ञा गरेको, फैसला कार्यान्वयन हुन नदिएको र फैसला कार्यान्वयनमा अवरोध गरिरहेको पनि निवेदनमा उल्लेख छ ।

'प्रत्यार्थी नेपाल सरकारको प्रधानमन्त्री पदमा रहनुभएका श्री केपी शर्मा वली...१ तथा प्रत्यार्थी मन्त्रालयको मन्त्री पदमा रहनुभएका श्री बलराम अधिकारीबाट भएको कार्य सर्वथा अनुचित, गैरकानुनी तथा गैरसंवैधानिक मात्र नभई प्रथम दृष्टिबाटै अदालतको अवहेलनायुक्त कसुरजन्य रहेको छ,' निवेदनमा भनिएको छ, 'सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्रीस्तरबाट सम्मानित सर्वोच्च अदालत, संवैधानिक इजलासबाट जारी भएको परमादेशको अनवरत रूपमा अवज्ञा गरिनु, फैसला कार्यान्वयनमा प्रत्यक्ष अवरोध गर्नु संवैधानिक नैतिकताको उल्लंघन पनि हो ।' 'अनुचित स्वार्थसिद्धीका लागि सर्वोच्च कार्यकारी पदमा आसीन व्यक्तिले संविधान, संवैधानिक लोकतन्त्र तथा स्वतन्त्र न्यायपालिकाको उपहास गरेको कार्य क्षम्य हुन सक्दैन,' रिट निवेदनमा भनिएको छ।

## विद्युत् प्राधिकरणलाई...

आव २०७२/७३ मा ३४ अर्ब ६१ करोड रुपैयाँ सञ्चित घाटामा रहेको प्राधिकरण अहिले ४७ अर्ब ४१ करोड रुपैयाँ सञ्चित नाफामा पुगेको छ ।

प्राधिकरणले गत आवमा प्रणालीको विद्युत् चुहावट करिब १२ दशमलव ७३ प्रतिशतमा झारेको थियो । आव २०७२/७३ मा प्रणालीबाट २५ दशमलव ७८ प्रतिशत विद्युत् चुहावट भइरहेको थियो ।

प्राधिकरणको वित्तीय अवस्था, सम्पत्ति, व्यावसायिक तथा वित्तीय जोखिमको विश्लेषण, व्यवस्थापकीय क्षमता, सञ्चालन प्रभावकारितामा प्रभाव पार्ने आन्तरिक तथा बाह्य वातावरणीय तत्त्वहरूलगायतको विश्लेषण गरी रेटिङ गरिएको बताइएको छ ।

डबल ए प्लस रेटिङ प्राप्त गर्ने संस्थाको आफ्नो वित्तीय तथा आर्थिक दायित्व समयमै वहन गर्नसक्ने उच्च क्षमता सुरक्षित रहन्छ । डबल ए प्लस रेटिङ पाउने संस्थासँगको वित्तीय कारोबारमा ज्यादै न्यून ऋण भुक्तानी जोखिम हुन्छ। क्रेडिट रेटिङमार्फत कुनै व्यक्ति वा संगठित संस्थाको साखको गुणस्तर सम्बन्धमा मूल्यांकन गर्ने तथा राय प्रकट गर्ने काम गरिन्छ। यसमा संस्थाको ऋण दायित्व भुक्तान गर्ने क्षमता सम्बन्धमा निहित जोखिमबारे सरल र बुझ्न सकिने सांकेतिक सूचकका रूपमा राय दिइन्छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले रेटिङमा बिगत ३ वर्षदेखि निरन्तर डबल ए प्लस रेटिङ प्राप्त गर्न सफल भएको र यसबाट संस्थाको वित्तीय स्वास्थ्य राम्रो एवं ऋण तिर्नसक्ने क्षमतामा सक्षमता देखिएको बताए। साथै, प्राधिकरण आफ्नो वित्तीय तथा आर्थिक दायित्व ढुक्कसँग बहन गर्नसक्ने क्षमतामा देखिएको घिसिङले उल्लेख गरे ।

उनले विद्युत् उत्पादनतर्फका आयोजनाहरू निर्माण र विद्युत् आपूर्तिलाई थप भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रणाली सुधार तथा विस्तारका लागि आवश्यक ठूलो पुँजी संस्थाले कमाएको नाफा र सेयर निष्कासनबाट प्राप्त हुने रकमबाट पूरा गर्ने योजना रहेको उल्लेख गरे ।

विद्युत् उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत् आपूर्तिको समुचित व्यवस्था गर्न सरकारको पूर्ण स्वामित्वमा प्राधिकरण स्थापना गरिएको हो। प्राधिकरणले देशभित्र विद्युत् उत्पादन, प्रसारण र वितरणका अतिरिक्त आन्तरिक तथा सीमापार विद्युत् व्यापार पनि गरिरहेको छ ।

सरकारले विद्युत् विकासका आफ्ना कार्यक्रमहरू कार्यान्वयन गर्न वार्षिक रूपमा बजेट विनियोजन, सेयरमा लगानी (नगद वा साँवा-ब्याज पुँजीकरण) र अन्य आवश्यक रकम सञ्चालनमार्फत प्राधिकरणमा लगानी गर्दै आएको छ । प्राधिकरण सरकारको पूर्ण स्वामित्वमा रहेको, विद्युत् प्रसारण, वितरण र मुलुकभित्र तथा बाहिरी मुलुकसँग विद्युत् खरिद-बिक्रीको एकाधिकार प्राप्त तथा सरकारको रणनीतिक संस्था हो ।

प्राधिकरणले स्वदेशी तथा विदेशी लगीकर्ताले निर्माण गर्ने जलविद्युत् आयोजनासँग झन्डै ११ हजार मेगावाटको दीर्घकालीन विद्युत् खरिद सम्झौता (पीपीए) गरेको छ । रेटिङको नतिजाले त्यस्ता आयोजनाको रकम भुक्तानी गर्न प्राधिकरणसँग उच्चस्तरको वित्तीय क्षमता रहेकाले लगानी जोखिम नरहेको देखाएको छ ।

प्राविधिक र गैरप्राविधिक विद्युत् चुहावट घटाउन, अधिकतम ग्राहकसम्म पहुँच बढाउन, वित्तीय खर्च घटाउन, राजस्व बढाउन, प्रसारण तथा वितरण लाइन र सबस्टेसन विस्तार गर्न संस्थागत सुशासनमा सुधार गर्दै नाफा कमाउनमा प्राधिकरणलाई ठूलो सफलता हात परेको छ ।

## नवीकरणीय ऊर्जा...

केन्द्रले आफ्नो वा केन्द्रको सहयोग, समन्वय वा सहजीकरणमा प्रयोगशाला स्थापना नगरेसम्म कार्यसञ्चालनका लागि तोकिएबमोजिमको प्रयोगशालालाई राष्ट्रिय प्रयोगशालाका रूपमा उपयोग गर्न सकिने व्यवस्था गरिएको छ ।

प्रयोगशालाका लागि नेपाल सरकारले आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ भनी विधेयकमा व्यवस्था गरेको छ ।

व्यावसायिक प्रतिष्ठान वा क्षेत्रले ऊर्जा दक्षता हासिल तथा संरक्षण गर्न जिम्मेवारी एवं दायित्व पूरा नगरेमा, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता तथा ऊर्जा संरक्षणसम्बन्धी प्रविधि तथा उपकरणको परीक्षण नगराई बिक्री वितरण गरेमा कारबाही हुने प्रावधान रहेको छ ।

कुनै पनि निकाय वा अधिकारीको निर्णयउपर एक तहमाथि पुनरावेदन गर्न पाउने हक रहने भएकाले यो ऐनबमोजिम सजाय भएको अवस्थामा उच्च अदालतसमक्ष पुनरावेदन गर्नसक्ने व्यवस्था गरिएको छ ।

# महँगो र दुर्लभ औषधि निःशुल्क उपलब्ध गराउन सम्झौता

**राजधानी समाचारदाता**
काठमाडौं, ४ फागुन

रगत नजम्ने वंशानुगत समस्या हेमोफिलिया रोगका बिरामीलाई निःशुल्क औषधि उपब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व हेमोफिलिया महासंघबीच सम्झौता भएको छ ।

गत १० माघ मा सरकारी अस्पतालमार्फत यस्तो सुविधा उपलब्ध गराउने स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले निर्णय गरेका थिए। निकै महँगो औषधि अवश्यक पर्ने रोगको उपचारका लागि धेरै बिरामी तथा सरोकारवालामार्फत सरकारले आफैं व्यवस्था गर्न सरकारलाई आग्रह गर्दै आएका थिए। औषधि व्यवस्था विभागमा महासंघ र मन्त्रालयबीच यससम्बन्धी सम्झौता शुक्रबार भएको हो ।

अब महासंघबाट प्राप्त जटिल किसिमको वंशानुगत तथा पछिसमेत देखिने यस रोगको उपचारका लागि आवश्यक औषधि अब स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मातहतका संघीय अस्पताल तथा प्रादेशिक अस्पतालका अलावा अन्य सरकारी अस्पतालबाटसमेत उपलब्ध गराउनेछ । मन्त्री पौडेलले राज्यकोषमा भार नपर्ने गरी विश्व हिमोफिलिया महासंघबाट अनुदान प्राप्त गरी सरकारी अस्पतालबाट बिरामीलाई उपलब्ध गराउने निर्णय गरेको उल्लेख गरेका थिए।

नेपालमा हाल करिब ९ सय जना यो रोगका बिरामीका रूपमा पहिचान भएका छन् । तर, विश्व स्वास्थ्य संगठनले नेपालमा पहिचान हुन नसकेका यस्ता करिब ५ हजार बिरामी रहेको अनुमान गरेको छ । २०७८ सालको जनगणनामा २ दशमलव २ प्रतिशतमा अपांगता देखिएका मध्ये शून्य दशमलव ८ मा हेमोफिलिया भएको हुनसक्ने ठानिएको छ ।



**Bhotekoshi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Fulpingkatti, Sindhupalchok**

## Intention to Award

**Date: 2081/11/05**

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on www.bolpatra.gov.np/egp and 'Naya Patrika National Daily dated 2081/09/07 .

| SN | Contract No | Name of Work | Name and Address of Bidder | Bid Price(including VAT & PS) |
|---|---|---|---|---|
| 1. | BRM/W/ NCB/081/082-3 | Construction Works of Guru Padmasamva Park, Bhotekoshi-4 Sindhupalchowk | Prasin-jugalR P JV, Chautara Sindhupalchok | NRs. 2,91,50,444.43 |
| 2. | BRM/W/ NCB/081/082-04 | Construction Works of Bhotekoshi Covered Hall, Bhotekoshi-4 Sindhupalchok | Pradej/Pakhreli/ Tejswi-JV, Kathmandu-31 | NRs. 9,07,50,303.58 |

**Chief Administrative Officer**

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
**स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय**
इटहरी, सुनसरी, कोशी प्रदेश

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/११/०५

यस कार्यालयबाट मिति २०८१।०९।२५ र मिति २०८१।१०।१३ गते PPMO को E-Procurement Portal मा प्रकाशित बोलपत्र आहवान सम्बन्धि सूचना अनुसार रीतपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तालिकामा उल्लेख भएका बोलपत्रदाताको बोलपत्र न्यून मूल्याकिंत र सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतीका लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) मा भएको व्यवस्था बमोजिम सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क (VAT & PS बाहेक) |
|---|---|---|---|
| १ | LIDPOITH/NCB/W/ 2081-082/108 | **Bista Nirman Sewa, Udayapurgadhi-8, Nepaltar** | **6815705.18** |
| २ | LIDPOITH/NCB/W/2081-082/109 | **Shresas construction and suppliers, Bhotkhola-04, Sankhuwasabha** | **6378787.50** |
| ३ | LIDPOITH/NCB/W/2081-082/110 | **Shresas construction and suppliers, Bhotkhola-04, Sankhuwasabha** | **6340916.98** |
| ४ | LIDPOITH/NCB/W/2081-082/111 | **Kancha lawati construction, Taplejung** | **2064057.50** |
| ५ | LIDPOITH/NCB/W/2081-082/112 | **bijal/cbpl jv, sunsari** | **5921278.89** |
| ६ | LIDPOITH/NCB/W/2081-082/113 | **Yangyung Nirman Sewa, Panchthar** | **14003037.80** |
| ७ | LIDPOITH/NCB/W/2081-082/114 | **Mukul nirman sewa, Bhojpur** | **6011918.90** |
| ८ | LIDPOITH/NCB/W/2081-082/116 | **Aadarsh Nirman Sewa, Gadha -05, Siraha** | **7489862.86** |

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय नक्सालको २१ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मितिः २०८१/११/०५ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साउन १६ गतेको "कारोबार" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पुर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| क्रं सं. | ऋणी १ को नाम र ठेगानाः |
|---|---|
| १. | नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता नं. १५३५३२/०७३/०७४ कायम भई मिति २०७३/०४/२४ मा दर्ता भएको धादिङ जिल्ला, निलकण्ठ न.पा. वडा नं. १२, साङ्कोष स्थित **मधुवन कृषि पशुपंक्षी उध्योग तथा अनुसन्धान केन्द्र प्रा. लि. ।** |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगानाः** | |
| १. | दण्डपाणी सापकोटाको नाति, थानेश्वर सापकोटाको छोरा, धादिङ जिल्ला, साङकोष गा.वि.स/न.पा. वडा नं. १ बस्ने रामेश्वर सापकोटा । |
| २. | मुक्ति नाथको छोरी, थानेश्वर सापकोटाको श्रीमती, धादिङ जिल्ला, साङकोष गा.वि.स/न.पा. वडा नं. १ बस्ने लिला वती सापकोटा । |
| ३. | गंगादत्त सापकोटाको नाति, दण्डपाणी सापकोटाको छोरा, धादिङ जिल्ला, साङकोष गा.वि.स/न.पा. वडा नं. १ बस्ने थानेश्वर सापकोटा । |
| ४. | थानेश्वर सापकोटाको नाति, रामेश्वर सापकोटाको छोरा, धादिङ जिल्ला, साङकोष गा.वि.स/न.पा. वडा नं. १ बस्ने अनुप सापकोटा । |
| ५. | देवी प्रसाद अधिकारीको छोरी, रामेश्वर सापकोटाको श्रीमती, नुवाकोट जिल्ला, तुप्चे गा.वि.स/न.पा. वडा नं. १ बस्ने कमला अधिकारी । |
| **क्र.सं.** | **ऋणी २ को नाम, थर र ठेगानः** |
| १. | दण्डपाणी सापकोटाको नाति, थानेश्वर सापकोटाको छोरा, धादिङ्ग जिल्ला, साङकोष गा.वि.स/न.पा. वडा नं. १ बस्ने **रामेश्वर सापकोटा** तथा गंगादत्त सापकोटाको नाति, दण्डपाणी सापकोटाको छोरा, धादिङ्ग जिल्ला, साङकोष गा.वि.स/न.पा. वडा नं. १ बस्ने **थानेश्वर सापकोटा** समेत जना २ । |
| **व्यक्तिगत जमानतकर्ताहरुको नाम, थर र ठेगानाः** | |
| १. | मुक्ति नाथको छोरी, थानेश्वर सापकोटाको श्रीमती, धादिङ्ग जिल्ला, साङकोष गा.वि.स/न.पा. वडा नं. १ बस्ने लिला वती सापकोटा । |
| २. | थानेश्वर सापकोटाको नाति, रामेश्वर सापकोटाको छोरा, धादिङ्ग जिल्ला, साङकोष गा.वि.स/न.पा. वडा नं. १ बस्ने अनुप सापकोटा । |
| ३. | देवी प्रसाद अधिकारीको छोरी, रामेश्वर सापकोटाको श्रीमती, नुवाकोट जिल्ला, तुप्चे गा.वि.स/न.पा. वडा नं. १ बस्ने कमला अधिकारी । |
| **ऋणी १ र ऋणी २ को धितो सुरक्षणको विवरण** | |
| १. | थानेश्वर सापकोटाको नाममा मालपोत कार्यालय धादिङ्गमा दर्ता श्रेस्ता कायम रहेको धादिङ्ग जिल्ला, साङकोष गा.वि.स/न.पा. वडा नं. २ स्थित नक्सा सिट नं. २ख को कित्ता नं. ६८२ को २-११-१-१ (रो.आ.पै.दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २. | रामेश्वर सापकोटाको नाममा मालपोत कार्यालय धादिङ्गमा दर्ता श्रेस्ता कायम रहेको धादिङ्ग जिल्ला, साङकोष गा.वि.स/न.पा. वडा नं. १ स्थित नक्सा सिट नं. १क को कित्ता नं. ३०६ र ३१० को क्षेत्रफल क्रमशः ३-३-१-३ र ६-७-२-२ (रो.आ.पै.दा) रहेको जग्गा र धादिङ्ग जिल्ला, साङकोष गा.वि.स/न.पा. वडा नं. २ स्थित नक्सा सिट नं. २ख को कित्ता नं. ६७६ र ७३७ को क्षेत्रफल क्रमश ०-४-२-० र २-०-०-० (रो.आ.पै.दा) रहेको जग्गा र सो जग्गा ले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**ऋणी १ को धितो सुरक्षणको विवरण :**

१. तल उल्लेखित कम्पनिहरूको शेयरः

| क्र.सं. | डिम्याट खातावालाको नाम | DP ID | CLIENT ID | ISIN | धितो दिएको शेयर संख्या | कम्पनिको नाम |
|---|---|---|---|---|---|---|
| १ | रामेश्वर सापकोटा | 13011200 | 00161211 | NPE028A40004 | 8,670 | NIMBPO |
| २ | कमला अधिकारी | 13011200 | 00206511 | NPE022A40007 | 47,002 | PRVUPO |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरूः**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालयमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८१ साल फाल्गुन महिना २५ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल फाल्गुन महिना २७ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

# भ्रष्टाचार नियन्त्रण नियतमै खोट



● श्यामप्रसाद मैनाली

राजनीतिक तहका नै शीर्षस्थ नेतृत्व तह नै भ्रष्टाचारमा संलग्न रहेसम्म बहुदलीय शासन प्रणालीमा संसद्ले उनीहरूको निर्देशन कानुन बनाउन र परिमार्जन गर्न सक्दैनन् । यो संसदीय प्रणालीको अवगुणहरूमध्ये एक हो । यस अर्थमा पनि नेपालका राजनीतिक दलहरूका नेतृत्व तहमा रहनेहरूका बीच मतैक्यता भई भ्रष्टाचार नियन्त्रण गर्ने दृढताका साथ कानुनहरू निर्माण हुनु र परिमार्जित हुनु जरुरी छ



भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भ विश्वकै साझा चासोको विषय हो। कुनै पनि देशले भ्रष्टाचार नियन्त्रण गर्छौं नभनेको छैन। नीति निर्माताहरू र कानुन निर्माताहरू यो सामाजिक रोगलाई नियन्त्रण गर्न प्रतिबद्धता जाहेर गर्छन् । सबैको मतैक्यता यस अपराध नियन्त्रणमा देखिन्छ। भ्रष्टाचार गर्नु हुँदैन भन्नेमा कसैको दुईमत छैन । भ्रष्टाचार पूर्ण रूपमा कहीँ कुनै ठाउँमा पनि नियन्त्रण हुन सकेको पनि छैन । जुन ठाउँमा ज्यादा भ्रष्टाचार हुन्छ त्यही देशमा समाजमा भ्रष्टाचार नियन्त्रणको नारा चर्को रूपमा उठ्ने गर्छ। शासकहरू भ्रष्टाचार नियन्त्रणमा प्रतिबद्ध रहेको अभिव्यक्ति समाजमा पटकपटक दिने गर्छन्। तर, त्यस्तै समाजमा भ्रष्टाचार नियन्त्रणलाई प्रोत्साहन गर्ने गरी कानुनहरू बनेका हुन्छन् । नियन्त्रक निकायहरू भ्रष्टाचार नियन्त्रणलाई बल पुग्ने गरी गठन गरिन्छन् । जनतालाई देखाउनका लागि भ्रष्टाचार नियन्त्रणको अभिव्यक्ति जोडतोडका साथ दिन्छन् ।

देशको कानुन दुई वर्गमा रहेका नागरिकहरूमाथि भेदभावपूर्ण अवस्थामा कार्यान्वयनमा जान्छ । आफू र आफ्ना समूहका सबैलाई भ्रष्टाचार गर्ने छुट प्रदान गरिन्छ र त्यस्ता भ्रष्टाचारीहरूलाई पूर्ण रूपमा नेतृत्वले संरक्षण प्रदान गर्छ । अभयदान प्राप्त गरेर प्रेमले भ्रष्टाचार गर्छन् । यही वर्गको देशका रूपमा नेपालले आफ्नो पहिचान बनाएको छ। यति हुँदाहुँदै पनि देशमा खोजी बस्दा असल मानिस पनि भेटिन्छन्। उनीहरूको नैतिकस्तर उच्च हुन्छ। यस्ता मानिसले नेतृत्व तहमा रहेका अनैतिक सार्वजनिक पदाधिकारीहरूलाई खासै महत्त्व दिँदैनन् । त्यसैले कुनै पनि प्रकारको विशेष जिम्मेवारी त्यस्ता व्यक्तिहरूले प्राप्त गर्दैनन्। उनीहरू वृत्ति शृंखलामा सधैं पछि परेको हुन्छन्। बिस्तारै ती व्यक्तिहरूलाई समाजले चिन्न छाड्छ । ओझेलमा पर्छन् । अर्काथरी हुन्छन् भ्रष्टाचार नियन्त्रण गर्ने विशेषज्ञता नै आफूमा रहेको दाबी गर्छन् । आफैं योग्य भएको अभिव्यक्ति सबैतिर दिन थाल्छन् । काम थोरै गर्छन् धेरै काम गरेको प्रचारप्रसार गर्छन्। गलत काम गर्दै स्टन्टबाजी गराउँदै हिँड्छन्। त्यस्ता व्यक्तिहरू नै भ्रष्टाचार नियन्त्रणसम्बन्धी नीति निर्माता कानुन निर्माता बन्छन् । नियन्त्रण निकायको जिम्मेवारी त्यस्तै कुपात्रहरूले प्राप्त गर्छन् । यही अवस्थाबाट गुज्रिएका विश्व मानचित्रमा पाइने थोरै राष्ट्रमध्ये नेपाल पनि एक हो ।

नेपालमा यसप्रकारको विकृतिपूर्ण अवस्था किन सिर्जना भएको होला ? यसका बारेमा केही तथ्यमा आधारित बुँदागत विश्लेषण गर्नु उपयुक्त हुन्छ। त्यसभन्दा अघि यस स्तम्भकारले भोगेको र भ्रष्टाचारीलाई कारबाही गर्ने क्रममा सामना गरेको कठिनाइहरूका बारेमा एउटा सानो तर निकृष्ट भ्रष्टाचारको उदाहरण पेस गर्नु सान्दर्भिक हुनेछ । पश्चिमाञ्चल विकास क्षेत्रको एक जिल्लामा प्रजिअको जिम्मेवारीमा थिएँ । एक बिहानै जिविस सभापतिको टेलिफोन आयो। उहाँको अनुरोध कार्यालय प्रमुखले भ्रष्टाचार गरेको विषयमा थियो। मालपोतका हाकिमले नै त्यो जघन्य अपराध गरेका थिए । त्यसैले सभापतिजीलाई प्रजिअले कारबाही गर्दैनन् भन्ने आशंका रहेछ । असहज मान्दै विषयवस्तु स्पष्ट पार्नुभयो । त्यस जिल्लाको एक धार्मिक क्षेत्रमा एक गरिब नागरिकले घडेरी बिक्री गर्ने सोच बनाएछन्। उनको सबै सम्पत्ति करिब ३ रोपनी ठूलो बाटो भएको जग्गा रहेछ। मालका हाकिमले एक रोपनी जमिन आफ्ना श्रीमतीका नाममा पास गरेछन् । त्यसको समझदारीमा भएअनुसारको रकम पनि भुक्तानी दिएछन । तर, उनले बाटोसँग जोडिएको जमिन जति सबै आफ्नै श्रीमतीको नाउँमा पास गरेछन् ।

किसानको बाँकी जमिन खेतीका लागि पनि हाकिम साहेबको अनुमति लिएर मात्र भित्र जानुपर्ने स्थिति बनेछ। यो अन्याय त्यो पनि कार्यालय प्रमुखबाट हुन पुगेकामा सभापतिजीलाई दुःख लागेछ। मैले त्यो जग्गा तुरुन्त निरीक्षण गरें। सिकायत गरेअनुसार नै जग्गा पारित भएको रहेछ। फर्किएर बेलुका मालका हाकिमलाई यो जग्गा तुरुन्त भोलि नै फिर्ता गरिदिनुस् र तपाईं र जग्गा धनीका बीचमा भएको समझदारीअनुसारको जग्गा पास गरेर लिनुस् । फेरि पास गर्दा लाग्ने रजिस्ट्रेसनलगायतका शुल्कहरू तपाईं आफैं तिर्नुहोस्। यो तपाईंलाई असहज लाग्छ भने जग्गा फिर्ता गरिदिनुहोस् भन्दै सुझाव दिए। हाकिम साहेब बोल्नुभएन। मैले धेरै दबाब दिएपछि हुन्छ भनेर उहाँ निस्किनुभयो । सोही रात काठमाडौं पुग्नुभएछ । त्यहाँबाट सरुवा भई अन्यत्र जाने र त्यो जग्गा पचाउने उहाँको नियत स्पष्ट देखियो । तत्पश्चात् मैले उहाँको श्रीमतीलाई अप्रत्यक्ष प्रहरी निगरानीमा राखे । महानिर्देशकलाई फोनमार्फत निज हाकिमलाई शीघ्र फर्काइदिनुहोस् भनी अनुरोध गरे । उहाँलाई कारबाही गर्ने दृढता प्रकट गरे ।

तर, समस्या कानुनी थियो । कानुनतः हाकिम साहेब सुरक्षित थिए । भ्रष्टाचार भएको पनि कहीँ देखिँदैन थियो। पैसा तिरेकै थियो। भनेबमोजिमकै क्षेत्रफलको जग्गा पारित भएको हो । मात्र कित्ताकाटमा बेइमान गरेकै कारणले कुन कानुनी सहारामा निजलाई कारबाही गर्ने ? दुविधामा थिए। तर, उनी त्यस समयका जल्दाबल्दा त्यसै जिल्लाका मन्त्रीहरूमार्फत मलाई कारबाही नगर्न निर्देशन दिई निश्चिन्त भएर कार्यालय फर्किए । मैले उनलाई कानुनी आधारबेगर पनि कारबाही प्रारम्भ गरे। मन्त्रीजीहरूलाई निजमाथि कारबाही गर्ने स्पष्ट पारे । अन्तमा उनीले उक्त जग्गा सोही व्यक्तिलाई फिर्ता गरिदिए। त्यहाँबाट पुनः काठमाडौं फर्किए। जब जग्गा फिर्ता भएको थियो पीडित जग्गाधनी मेरो निवासमा आइपुगे । उनले आँखाभरि आँसु पार्दै उक्त जग्गाबिना रकम मलाई पास गरिदिने इच्छा व्यक्त गरे। मैले उनलाई सम्झाएर पठाएँ। अहिले पनि तत्कालीन मालपोतका हाकिम साहेब मेरो सामुन्ने पर्नुहुन्न । तर, मलाई त्यो निर्णयमा धेरै ठूलो सन्तुष्टि मिलेको छ। मेरो विचारमा भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारीमा रहेकाहरूको दृढतामा यस्ता कार्यहरू सफलतापूर्वक अघि बढ्न सक्छन्। तर, त्यस्ता व्यक्तिहरूले पनि धेरै प्रकारका जोखिमको सामना गर्न तयार हुनुपर्छ। देशको यथार्थ अवस्था यही हो।

यो अवस्था सिर्जना हुनुको कारणतर्फ विश्लेषण र अन्वेषण गरौं। सर्वप्रथम नेपालमा जुन दिनबाट नीतिगत निर्णयका बारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न नपाउने कानुनी व्यवस्था बन्यो। भ्रष्टाचारको व्याप्त हुने वातावरण त्यही बिन्दुबाट सुरु भयो। २०४६ सालको सफल जनआन्दोलनपश्चात् देशमा प्रजातन्त्रको पुनः प्राप्ति भयो । प्रजातान्त्रिक सरकारले ३० वर्षसम्म पञ्चायती शासन प्रणालीलाई निरन्तरता दिन अभ्यस्तता प्राप्त गरेको स्थायी संयन्त्रसँग काम गर्नुपर्ने अवस्था थियो। शासकीय अनुभव नभएका राजनीतिज्ञहरू जनताबाट निर्वाचित भएर आए, तर आफ्नै संयन्त्रसँग भयभीत हुन थाले । त्यसैले नीतिगत तहमा रहेका स्थायी संयन्त्रका पात्रहरूले राजनीतिज्ञहरूलाई समाप्त पार्ने, काम गर्न नदिने अवस्था सिर्जना होला भन्ने चिन्ता उनीहरूमा देखियो।

त्यसैले २०४९ सालमा सम्बन्धित ऐनमा नीतिगत निर्णयहरूमा नियन्त्रण निकायले अनुसन्धान गर्न नपाउने व्यवस्था गरे । यसका पछाडि असल नियत मात्र थिएन । ३० वर्षसम्म पञ्चायती शासनमा चरम यातना भोगेकाहरूले यो अवसर प्राप्त गर्नेबित्तिकै उनीहरूमा साधनस्रोत संग्रह गर्ने चिन्तन पनि उत्तिकै प्रबल बन्यो। यही बिन्दुबाट नेपालमा भ्रष्टाचारको मलजल हुँदै गयो। राजनीतिज्ञहरू आफूले गरेको भ्रष्टाचार र आफ्नाहरूले गरेको यो अपराधको संरक्षणमा चट्टानसरि उभिए स्वार्थको द्वन्द्वलाई अथवा यो अवस्था सिर्जना हुने गरी हरेक दिन निर्णयहरू गर्न थाले। आफ्नो स्वार्थ बाजिएको अथवा गाँसिएको विषयमा आफैंले निर्णय लिनु भनेको भ्रष्टाचारलाई व्याप्त बनाउँदै जाने प्रपञ्च हो। यो अपराध कर्मलाई भ्रष्टाचार नभई सदाचारको कोणबाट हेर्न थाले। हालसम्म पनि यसले प्रेमपूर्वक निरन्तरता पाइराखेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्तो संवैधानिक निकायले नीतिगत निर्णयकै आधारमा आडमा ठूला पदाधिकारीहरूलाई मुद्दा नचलाई सोही अभियोगमा साना साना कर्मचारीहरूमाथि मात्र मुद्दा चलाउने गर्न थाल्यो। लाउडा प्रकरणमा पूर्वप्रधानमन्त्री स्वर्गीय गिरिजाप्रसाद कोइरालालाई बयान लियो। यस कार्यले ठूलै मिडिया कभरेज पायो। उनीमाथि प्रधानमन्त्री भएकै कारण मुद्दा चल्न सकेन। नीतिगत निर्णयको परिभाषामा राखी मुद्दा नचल्ने निर्णय गरियो। ललितानिवास घोटाला प्रकरणमा निर्णय लिने मुख्य अपराधीका रूपमा चर्चामा आएका पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डाक्टर बाबुराम भट्टराईविरुद्ध मुद्दा चल्न नसक्ने निर्णय आयोगले लियो। अभियुक्तहरूलाई गरिने व्यवहार पनि पृथक् देखियो। प्रधानमन्त्रीहरूलाई उहाँहरूको निजी निवासमा आयोगका अनुसन्धान अधिकृतहरू पुगी साष्टांग दण्डवत गर्दै बयान लिने औपचारिकता पूरा गऱ्यो । अन्य भ्रष्टाचारमा अनुसन्धानमा रहेका अभियुक्तहरूलाई यस्तो छुट दिने कल्पना आयोगले गर्दैन । यो विशुद्ध पूर्वाग्रही र विभेदकारी व्यवहार सम्मानित आयोगले गरेको थियो यस अवस्थामा ठूला भ्रष्टाचारीहरू प्रोत्साहित हुने नै भए।

भ्रष्टाचार नियन्त्रण गर्ने नियन्त्रण निकायका रूपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पदाधिकारीहरू नियुक्ति गर्ने प्रक्रियामै त्रुटि देखिएको छ। किनकि नियुक्तिका लागि सिफारिस गर्ने संवैधानिक परिषद्मा राजनीतिक नेतृत्व तहमा रहेकाहरूले नै बाहुल्य दिएका छन् । उनीहरूकै निर्णयमा स्पष्ट भन्नुपर्दा कृपामा पदाधिकारीहरू जिम्मेवारी सम्हाल्न पुग्छन्। पदाधिकारीहरूको मनोबल अत्यन्त न्यून हुन्छ ।

उनीहरू जे जस्तोसुकै गल्ती गरे पनि अपराधका रूपमा गरे पनि आफूलाई कृपा गर्नेहरूका विरुद्ध कलम चलाउन साहस गर्दैनन्, त्यसैले पनि देशमा भ्रष्टाचार मौलाएको हो । ठूला भ्रष्टाचारीहरूलाई निश्चिन्त भएर भ्रष्टाचार गर्ने अवस्था यस देशमा बनाइएको छ । तसर्थ, नेपाली नागरिकहरूले नियन्त्रण निकायबाट ठूला भ्रष्टाचारहरू नियन्त्रित हुन्छन् र यस्ता ठूला अपराधीहरूमाथि कारबाही हुन्छ भन्ने विश्वास गर्न सकेका छैनन् । थुप्रैथुप्रै घटना क्रमले यही व्यहोरालाई प्रमाणित गरिसकेको छ । निरन्तरता प्राप्त गरिराखेको छ । कानुनी छिद्रका आधारमा भ्रष्टाचारले निरन्तरता पाउने अवस्था छ । ती छिद्रहरूलाई समाधान गरी सुधारिएको कानुन बनाउने जाँगर कानुन निर्माताहरूमा देखिँदैन । जब राजनीतिक तहका नै शीर्षस्थ नेतृत्व तह नै भ्रष्टाचारमा संलग्न रहन्छन् । बहुदलीय शासन प्रणालीमा संसद्ले उनीहरूको निर्देशन कानुन बनाउन र परिमार्जन गर्न सक्दैनन् ।

यो संसदीय प्रणालीको अवगुणहरूमध्ये एक हो । यस अर्थमा पनि नेपालका राजनीतिक दलहरूका नेतृत्व तहमा रहनेहरूका बीच मतैक्यता भई भ्रष्टाचार नियन्त्रण गर्ने दृढताका साथ कानुनहरू निर्माण हुनु र परिमार्जित हुनु जरुरी छ । तर वर्तमान अवस्थाका नेतृत्व तहमा रहनेहरू यसबाट आफै कारबाहीमा पर्ने सन्त्रासका कारण यस सत्कर्म गर्न उत्साहित छैनन्। खुलेयाम रिसवत लिने दिने अपराधमा रङ्गी हात पक्राउ परेकाहरूलाई देशको सर्वोच्च न्यायालयले नै उन्मुक्ति प्रदान गरेको छ। यसबाट भ्रष्टाचार अनियन्त्रित हुँदै जाने परिस्थिति बन्छ ।

